
# लेखापरीक्षण प्रतिवेदन

## बौदीकाली गाउँपालिका, नवलपुर

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# बौदीकाली गाउँपालिका, नवलपुर

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/654

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
बौदीकाली गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
नवलपरासी ब.सु.पू.।

**कैफियत सहितको राय**

हामीले गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६ करोड ८२ लाख १२ हजार समावेश गरेको छैन।
२. गाउँपालिकाको रु. ६५ करोड ९९ लाख ०८ हजारको लेखापरीक्षण गरिएकोमा रू. ३ करोड ३० लाख ९२ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु. ४५ लाख ९९ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु. २ करोड ८४ लाख ९२ हजार मध्ये असुल गर्नुपर्ने रू. ९६ लाख ५१ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ८२ लाख ४१ हजार र पेश्की बाँकी रु. ६ लाख रहेको छ । गत वर्षसम्म रु. ३ करोड ७६ लाख ३९ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. ६ करोड ४८ लाख १६ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**


यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागू भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।



( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४४ | ३३ | ३,३०,९१,७८० | ० | ८ | ४५,९९,३३७ | ० | ४४ | २५ | २,८४,९२,४४३ | ९६,५०,९७४ | १,८२,४१,४६९ | ० | ० | ० | १,८२,४१,४६८ | ६,००,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपरासी बर्दघाट सुस्तापूर्व | ३,७६,३९,००० | ० | १३,१४,९४६ | ३,६३,२४,०५४ | 0 | २,८४,९२,४४३ | ६,४८,१६,४९७ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा नं. | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४७ | विद्यालयको लेखापरीक्षणः | ३,८०,००० |
| २ | २०८०/८१ | ५४ | बढी भुक्तानीः | १३,००० |
| ३ | २०८०/८१ | ५१ | जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डः | ६७,५७१ |
| ४ | २०८०/८१ | ४४.२ | कालिगण्डकी नदी क्षेत्रको IEE: | १३,४०९ |
| ५ | २०८०/८१ | ५५ | औध्योगिक ग्राम वापतको अनुदानः | ३४,९४,३४४ |
| ६ | २०८०/८१ | ६०.४ | आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनः | ३,६९,९३६ |
| ७ | २०८०/८१ | ३५ | अनुदान फिर्ताः | २,४९,३७७ |
| ८ | २०८०/८१ | ५७ | PS रकममा मु.अ.कर थप गरी भुक्तानीः | ११,७०० |
| ९ | २०७९/८० | ४३ | जिल्ला दर रेट भन्दा बढी भुक्तानी : | २,०८,६४६ |
| १० | २०७९/८० | ६६ | चालक अनुमति पत्र बेगर सवारी साधन वितरण : | ९,०६,३०० |
| ११ | २०७९/८० | ७३ | उत्कृष्ट विद्यालय सिकाइ अनुदान : | २,००,००० |
| जम्मा | | | | ५९,१४,२८३ |

# (८०४४६५०१३०० - बौदीकाली गाउँपालिका, नवलपुर )

# बौदीकाली गाउँपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

# परिचय

१ **परिचय**

क) **कार्यालय परिचय**:- संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाँट एवं पालिकाको आन्तरिक श्रोत साधनको अधिकतम उपयोग गर्दै संविधानको अनुसुचीमा उल्लेखित कार्यहरु सम्पादन गरी नागरिकलाई अधिकतम लाभ प्रदान गर्नु पालिकाको उदेश्य रहेको छ।

ख) **लेखापरीक्षणको उद्देश्य**:- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

ग) **लेखापरीक्षणको क्षेत्र र अवधि**:- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८१।०८।०६ देखि २०८१।०८।१० सम्म रहेको छ ।

(घ) **लेखापरीक्षण विधि**:- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरू सँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

ङ) **लेखापरीक्षणको सीमा**:- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

च) **आर्थिक कारोबारको स्थिति:**- कार्यालयको गत आर्थिक वर्षको मौज्दात रु. १४४१२५४२३.४१, यस वर्षको आय रु. ३१५६३९९२९.९५, व्ययतर्फ रु. ३४४२६८०८८.४६, तथा यस आर्थिक वर्षको बाँकी मौज्दात रु. ११५४९७२६४.९ रहेकोमा रु. ६५ करोड ९९ लाख ८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) **लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु**:- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची - २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली:**- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २८४८८३६ असुल भई दाखिला गरेको प्रमाण पेश भएको छ ।

| सि.नं. | विवरण | रकम रु. |
| --- | --- | --- |
| १ | दहत्तर बहत्तरबाट प्राप्त रकमबाट संघीय संचित कोषमा जम्मा हुन बाँकी रु. १८०९७४८.०० र प्रदेश संचित कोषमा रु. १८०९७४८.०० सहित कुल रु. २४७५७७२.०० आ.व. २०८१।८२ मा विभाज्य कोषको गो.भौ. नं. ८-२०८१।०८।२७ बाट मिति २०८१।०८।२७ मा सम्बन्धित संचित कोषमा जम्मा गरेको । | २४७५७७२ |
| २ | विपद व्यवस्थापन कोषमा कट्टि भई दाखिला हुन बाँकी करको रकम RMIS प्रणालीको कारोबार संकेत नं. २०८१-५९७९३३७ बाट मिति २०८१/०९/०५ मा दाखिला गरेको । | २६२८३ |
| ३ | पुँजीगत र चालु शिर्षकबाट कट्टि भई दाखिला हुन बाँकी विभिन्न करको रकम RMIS प्रणालीको कारोबार संकेत नं. २०८१-५९७७५५७ र २०८१-५९७८५०६ बाट मिति २०८१/९/०५ दाखिला गरेको । | २९६०६० |
| ४ | निर्माण व्यवसायी कामख्य बि.एम. जे.भी. लाई चौथो विलमा बढी भुक्तानी भएको रु. ३५०८४.०० पाँचौ रनिङ्ग बिलको भुक्तानी गर्दा गो.भौ.नं. ७-२०८१।०८।२९ बाट मिति २०८१/०८/२९ मा घटाएर भुक्तानी गरिएको । | ३५०८४ |
| ५ | गो.भौ. नं. ३८-२०८०।०६।२१ बाट वडा नं. २ को मौरीपालन सामाग्री खरिद गरी रावल मौरी पालन तथा घार निर्माण श्रोत केन्द्र लाई भुक्तानी गर्दा सम्झौतानुसार रु. १५६३७.०० घटी जन सहभागिता देखिएकोले सम्बन्धतिबाट असुल हुनु पर्ने रु. १५६३७ असुल गरी दाखिला भएको । | १५६३७ |
| | जम्मा रु. | २८४८८३६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणाली:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । पालिकामा आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वियन सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन्:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन।

• भ्रमण अभिलेख नै नराखी भ्रमण जाने गरेको देखिएको छ।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ।

• खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको छैन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै कारबाही भएको छैन।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता कार्य नभएको वा अद्यावधिक भएको छैन।

• सवारी साधन मर्मत सम्भार तथा संरक्षणका लागि म.ले.प. फारम नं. ४१४ कार्यान्वियनमा ल्याएको छैन्।

• सार्वजनिक निर्माण कार्यलाई पारदर्शी तथा मितव्यायी बनाउनको लागि सार्वजनिक निर्माण सम्बन्धी लेखा राख्न म.ले.प. फाराम नं. ५०० अन्तर्गतका फारमहरुको प्रयोग गर्नुपर्नेमा सो गरेको छैन।

• सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोबारसँग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसँग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन्। सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सूचना प्रविधि पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वियन नगरेको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, सफ्टवेयर फेलर वा अन्य असामान्य

अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको छैन्।

• बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ। म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फाराममा तोकिए बमोजिमको अभिलेख राखेको छैन्।

• पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको साथै म. ले. प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको छैन्।

• अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १५(१) बमोजिम रकम विनियोजन भएको अवस्थामा धारा तथा विजुलीको महशुल समयमा नै भुक्तानी गरी जरिवाना तिर्नु पर्ने अवस्था आउन दिन नहुने तर्फ कार्यालयले ध्यान दिनु पर्नेमा सो को पालना भएको देखिएन।

• कार्यालयले सवारी साधनको सुविधा प्रयोग गर्दा अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १०(१) बमोजिम अनिवार्य रुपमा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लगबुकको फाराममा भएको विवरणहरु स्पष्ट रुपमा भरी स्वीकृत गरेर मात्र खपत भएको इन्धन बापतको रकम भुक्तानी दिनु पर्नेमा सो गरेको देखिएन।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको छैन। यसबाट गत विगतका बेरुजु तथा पेश्की हराउने वा छुट्ने हुँदा यसतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ।

उपरोक्त बुँदा समेतलाई ध्यान दिई पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ गर्नुपर्दछ।

३ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८०।३।१० मा रु. ४४ करोड १२ लाख ८४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

४ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५ **बजेट सीमा निर्धारण समिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था

भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| गाउँपालिका पुँजीगत | १०१४९१९९१ | १५०२२१५०.३५ | १०५३२७४२.२ | ९७८०१७८.७ | ६२१७५९१९.५४ | ४९९०२९१७ |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | ८९९९९९ | ४०००० | ६००००० | २०००० | २३९९९९ | ८३००० |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | १२४१४०३८ | ० | ११५०००० | ११५०००० | १०११४०३८.७६ | ४८९६४४१ |
| जम्मा खर्च | ११४८०६०२९ | १५०६२१५०.४ | १२२८२७४२.३ | १०९५०१७८.८ | ७६५१०९५७ | ५४८८२३५८ |
| खर्च प्रतिशत | | १३.१२ | १०.७ | ९.५४ | ६६.६४ | ४७.८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ११४८०६०२९.०० पुँजिगत खर्चको निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १५०६२१५०.४० (१३.१२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १२२८२७४२.३० (१०.७० प्रतिशत), तेस्रो त्रैमासिकमा रु. १०९५०१७८.८० (९.५४ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ७६५१०९५७.०० (६६.६४ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५४८८२३५८.०० (४७.८० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

७ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ४१,८३,०८६.००, राजस्व बाँडफाँड र अनुदानबाट रु. ३२,५५,५९,५५१.८२ समेत रू. ३१,९७,४२,६३७.८२ आम्दानी भएकोमा चालु तर्फ रु. २२,९४,६२,०५९.११ र पूँजिगत तर्फ रु. ११,४८,०६,०२९.०० गरी जम्मा रु. ३४,४२,६८,०८८.११ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी भत्ता, ईन्धन र पारिश्रमिक लगायतका सुबिधामा रु. ८८३६६२१.०० खर्च भएको छ जुन आन्तरिक आयको ४७.३८ प्रतिशत रहेको छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

८ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०, २७२ र २७५) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६,८२,११,७१४.०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा त्यसले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

९ **सामुदायिक वनबाट आय:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ। पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्री बापत प्राप्त हुने रकम सम्बन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन। कानुनबमोजिम सामुदायिक वनबाट आय प्राप्त गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१० **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कर सङ्कलन गरेको देखिएन । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको नदेखिदा पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

११ **कर तथा शुल्क असुली:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । साथै, पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशिल रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको छ साथै यस पालिकामा राजस्वका श्रोतका रुपमा पहिचान भएका राजस्वका सबै श्रोतहरु उचीत तरीकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन । पालिकाले वडागत रुपमा संकलन भएको राजस्व दाखिला समयमा गर्ने, सम्बन्धित शिर्षकमा गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ । साथै, राजस्व अनुमानलाई वस्तुगत बनाई आय संकलनका लागि थप श्रोत व्यवस्था गर्न स्थानीय तह थप क्रियाशिल हुनुपर्ने देखिएको छ । पालिकाको आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | प्राप्ति | प्राप्ति प्रतिशत |
|---|---|---|---|---|
| १ | एकीकृत सम्पती कर | १००००० | ० | ०. |
| २ | भुमिकर/मालपोत | २००००० | २४७८२५ | १२३.९१ |
| ३ | घरजग्गा रजिष्टेशन दस्तुर | ० | ५१११४६ | ० |
| ४ | वहाल कर | १५०००० | ६५४१२ | ४३.६१ |
| ५ | वहाल विटौरी कर | १००००० | ० | ० |
| ६ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५०००० | २०२५५१ | ४०५.१ |
| ७ | अखेटोपहारमा लाग्ने कर | ५०००० | ० | ० |
| ८ | अन्य कर | १००००० | १६९६०८ | १६९.६१ |
| ९ | परीक्षा शुल्क | ५०००० | १२००० | २४ |
| १० | अन्य प्रशासनिक सेवा शुल्क | ५०००० | ० | ० |
| ११ | नक्सापास दस्तुर | १००००० | ५०९१६ | ५०.९२ |
| १२ | सिफारिश दस्तुर | १०००००० | १८६८२४६ | १८६.८२ |
| १३ | व्यक्तिगत घटना दर्ता दस्तुर | २००००० | ३४०२५६ | १७०.१३ |
| १४ | नाता प्रमाणित दस्तुर | २००००० | १०४८०० | ५२.४ |
| १५ | अन्य दस्तुर | २००००० | ८७६२६ | ४३.८१ |
| १६ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २००००० | २७२७०० | १३६.३५ |
| १७ | प्रशासनिक दण्ड जरिवाना र जफत | १००००० | २५०००० | २५० |
| जम्मा | | २८५०००० | ४१८३०८६ | १४६.७७ |

माथि उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०८०।८१ मा रु. २८,५०,०००.०० असुली हुने अनुमान गरेकोमा रु ४१,८३,०८६.०० मात्र असुली गरेको छ जुन असुली अनुमानको १४६.७७ प्रतिशत देखिए तापनि कतिपय आम्दानी शिर्षकमा असुली शुन्य देखिन्छ । अनुमान गरिएको शिर्षक अनुसारको असुली र कतिपय शिर्षकमा अनुमान नै न्यून गरिएको देखिँदा अनुमान बढाई सोहि अनुसारको आम्दानी गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

१२ **मौजदातको अवस्थाः**

पालिकाको आर्थिक अवस्था देखाउन प्रयोग गरिने प्रमुख स्रोतको रुपमा यसको मौजदातको अवस्थालाई लिईन्छ त्यसैले यसलाई मजबुद बनाउनु पर्दछ । पालिकाको आर्थिक वर्ष २०७८।७९ मा कुल रु १५६७८६७०५.१३ मौजदात रहेकोमा आर्थिक वर्ष २०७९/८० मा रु १४४१२५४२३.४१ रहेको तथा आर्थिक वर्ष २०८०/८१ मा रु ११५४९७२६४.९० मौजदात रहेको देखियो । विगत तीन वर्ष पहिले अथवा आर्थिक वर्ष २०७८।७९ मा रहेको मौजदात यस आर्थिक वर्ष सम्ममा रु ४ करोड भन्दा बढीले घटेको देखियो । पालिकाले बजेट विनियोजन गर्दा मौजदात रकमबाट खर्च गर्ने गरी योजना थप गर्ने गरेकोले सो मौजदात घटेको देखिन्छ । वास्तविक आम्दानीका आधारमा खर्च गर्ने गरी बजेट विनियोजन हुनु पर्नेमा मौजदातबाट समेत खर्च गर्ने गरी बजेट बिनियोजन गरिँदा प्रत्येक वर्ष पालिकाको मौजदात घट्दै गएको देखिँदा मौजदातबाट बजेट विनियोजन गर्ने कार्यमा नियन्त्रण गरिनु पर्दछ ।

| सि.नं. | आर्थिक वर्ष | कुल मौज्दात |
|---|---|---|
| १ | २०७८/७९ | १५६७८६७०५.१३ |
| २ | २०७९/८० | १४४१२५४२३.४१ |
| ३ | २०८०/८१ | ११५४९७२६४.९ |

१३ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको २०८०।८१ को आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २८,५०,०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. ४१,८३,०८६.०० अर्थात अनुमानको १४६.७७ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गरी आन्तरिक आयबाटै आत्मनिर्भर बन्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१५ **सेवाप्रवाहको स्थिति :**

पालिकाबाट यस वर्षको सेवाप्रवाह सम्बन्धमा निम्नानुसार विवरण प्राप्त भएको छ ।

| विवरण | जम्मा |
|---|---|
| घरजग्गा नक्शा पास | ० |
| जन्म दर्ता | २९० |
| मृत्यु दर्ता | १७४ |
| विवाह दर्ता | १९६ |
| बसाइँसराई दर्ता | ११२ |
| सम्बन्ध विच्छेद दर्ता | २१ |

यस पालिकाको बजार क्षेत्र विस्तारको क्रममा रहेकोले प्रशस्तै नयाँ घर तथा अन्य स्थायी संरचना निर्माण भइरहेको देखिन्छ तर पालिकाबाट प्राप्त विवरण अनुसार घरजग्गा नक्सापास शुन्य भएको देखियो । यस सम्बन्धमा अनुगमन गरी भवन संहिता र प्रचलित अन्य ऐन कानुन बमोजिम नक्सापासलाई अनिवार्य कार्यान्वयन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहको अभिलेख व्यवस्थित गरी व्यक्तिगत घटना दर्तासँग सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही भिडान गरी सेवा प्रवाहलाई चुस्तता दिनुपर्दछ।

१६ **योजना प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण

संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ६ वडाको लागि वडास्तरिय ९६ र पालिकास्तरका २७५ गरी कुल ३७१ योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु. २० लाखमाथिका योजना सङ्ख्या | रु. ५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु. ५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | २७५ | ८ | ३८ | २२९ |
| २ | वडास्तरीय | ९६ | - | ८ | ८८ |
| जम्मा | | ३७१ | ८ | ४६ | ३१७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये कतिपय योजनामा शुन्य प्रगति देखिएको हुदा कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१७ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ११,४८,०६,०२९.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१८ **आन्तरिक आयको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५,८४,७४,८१५ | ४१,८३,०८६ | ७.१५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.१५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१९ **सोधभर्ना नपाएकोः**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्धारा जारी मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गारिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को परिच्छेद २ को बुँदा ५ अनुसार मन्त्रालयले सम्बन्धित स्थानीय तहबाट अनुसूची ३ अनुसारको ढाँचामा भुक्तानी भएको रकमको विवरण पेश गरेको आधारमा अर्ध वार्षिक रुपमा शोधभर्ना गर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गारिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार खर्च बापत पालिकाले यस वर्ष रु. १० लाख भुक्तानी गरेको र सोको सोधभर्ना माग गर्दा समेत लेखापरीक्षण अवधि सम्म रु. ९ लाखमात्र शोधभर्ना भएको र रु. १,००,०००.०० सोधभर्ना हुन

बाँकी रहेको देखियो । सोधभर्ना हुने गरी भुक्तानी भएको रकमको भुक्तानी समयमै हुने व्यवस्था हुन सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

२० **सट्टा शिक्षकः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) बमोजिम कुनै पनि कार्यक्रमको खर्च रकम भुक्तानी गर्दा खर्च प्रमाणित हुने बिल बीजक संलग्न गरेर भुक्तानी गर्नुपर्दछ । पालिकाले यस वर्ष सट्टा शिक्षक व्यवस्थापन (शिक्षक सुत्केरी बिदामा बस्दा) शिर्षकमा रु. ५००००० .०० विनियोजन गरेकोमा पालिका भित्रका विभिन्न विद्यालयहरुलाई सट्टा शिक्षक व्यवस्थापन बापत रु. ८४०००.०० भुक्तानी गरेको पाइयो । यसरी सट्टा शिक्षक व्यवस्थापन सम्बन्धमा सुत्केरी बिदा स्वीकृति सम्बन्धी अभिलेख तथा विद्यालयले सट्टा शिक्षक व्यवस्थापनको लागि पालिकाको स्वीकृति लिएको प्रमाणहरु संलग्न नराखी विद्यालय व्यवस्थापन समितिको निर्णयको आधारमा मात्र भुक्तानी गरेको देखियो । जसले गर्दा कुनै पनि शिक्षक सुत्केरी बिदामा बसेको अवस्थामा सट्टा शिक्षक व्यवस्थापन गर्नुपर्ने आवश्यकताको यथार्थता सम्बन्धमा एकीन नभएकोले सट्टा शिक्षक व्यवस्थापन सम्बन्धमा सुत्केरी बिदाको निवेदन, स्वीकृति, विद्यार्थी संख्याको आधारमा सट्टा शिक्षक व्यवस्थापन गर्ने गरी कार्यविधि बानाएर सोही बमोजिम गर्नुपर्ने देखिन्छ ।

२१ **मोटरसाईकल चोरीः**

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(ग) मा सरकारी, सार्वजनिक वा व्यक्तिगत सवारी साधन, घर वा सम्पत्ति तोडफोड, आगजनी वा लुटपाट गरी क्षति पुर्‍याउन नहुने र त्यस्तो कार्य गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई कसुरको प्रकृति हेरी दश हजार रुपैंयासम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय गर्न र निजले गरेको हानी नोक्सानीको बिगो असुल गरी बिगो बमोजिम जरिवाना समेत गर्न सक्ने कानूनी व्यवस्था छ। यस पालिकाका रोजगार संयोजक (अधिकृत छैटौँ) पदमा कार्यरत श्री अर्जुन सुनारले चलाएको गण्डकी प्रदेश-०४-००१ ब ००७६ नम्बरको मोटरसाईकल मिति २०८०।०९।०५ मा निज बस्ने भाडाकोबाट चोरी भएको पाईयो । सो चोरी सम्बन्धमा निजले ईलाका प्रहरी कार्यालय, डेडगाउँ, बौदिकालीमा जानकारी गराउन निवेदन समेत दिएको कार्यालयको अभिलेखबाट देखियो । निजले दिएको निवेदन उपर कारवाही गरी ईलाका प्रहरी कार्यालयले घटनास्थल मुचुल्का तयार गरी खोजी गरि राखेको जनाएकोमा लेखापरीक्षण अवधी (मिति २०८१।०८।१०) सम्म सो मोटरसाईकल भेटिएको देखिएन । निज रोजगार संयोजक श्री अर्जुन सुनारले मोटर साईकल चोरी भएको ९ दिन पश्चात अर्थात मिति २०८०।०९।१८ मा मात्र सो सम्बन्धमा यस पालिकामा औपचारिक रुपमा जानकारी गराउनु व्यवहारीक देखिएन । पालिका लगाउत कार्यालयमा कार्यरत कर्मचारीले आफु कार्यरत कर्यालयको सम्पत्तीको संरणक्ष गर्ने, उपयोग गर्ने तथा भविस्यमा हुन सक्ने क्षतीको न्यूनिकरण गर्न सजक हुदै समयमै सम्बन्धित पक्षहरु समक्ष जानकारी गराउने तर्फ ध्यान दिनु पर्दछ । चोरी सम्बन्धमा ईलाका प्रहरी कार्यालयमा जानकारी गराईएकोमा सोको निरन्तर जानकारी लिने, समय समयमा ईलाका प्रहरी कार्यालय हुदै जिल्ला प्रहरी कार्यालयमा समेत समन्वय राखी चोरी भएको सरकारी सवारी साधनको खोजीमा तिब्रता दिनु पर्दछ ।

२२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३८ दरबन्दी स्वीकृत रहेकोमा विभिन्न ३६ पदमा पदपूर्ति भई २ पद रिक्त देखिन्छ। रिक्त मध्ये अधिकृत स्तरका ईन्जिनियर र सहायक स्तरका शिक्षा तर्फको प्राविधिक सहायक रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्नसक्ने देखिन्छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२३ **इन्धन खर्चः**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चत मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनुपर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले यस वर्ष इन्धन शिर्षकमा रु. २८

लाख विनियोजन गरेकोमा पदाधिकारी, कर्मचारी तथा हेभी इक्युपमेन्ट सञ्चालन समेतको इन्धनका लागि जम्मा रु. २५ लाख ४८ हजार खर्च गरेको छ । इन्धन खर्चलाई यथासम्भव मितव्ययी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२४ **मर्मत सम्भार खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र मर्मत सम्भार तथा संरक्षण आवेदन स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन, सार्वजनिक सम्पत्ति तथा मेशिनरी औजार मर्मत सम्भारको लागि रु. २३ लाख बजेट विनियोजन गरेकोमा मर्मत सम्भारमा जम्मा रु. १७ लाख ३२ हजार खर्च गरेको छ । मर्मत सम्भारमा भएको खर्च मध्ये अधिकांश खर्चको सम्बन्धमा लागत अनुमान तयार गरेको पाइएन भने मर्मत सम्भार तथा संरक्षण अभिलेख समेत राखेको पाइएन । तसर्थ मर्मत सम्भार सम्बन्धी खर्च गर्दा नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

२५ **कानुन निर्माण तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार पालिकाले हाल सम्म २७ वटा ऐन र ५० वटा नियमावली समेत ७७ कानुन स्वीकृत गरेको छ । तर्जुमा भएका ऐन कानुनहरुको प्रभावकारी रुपमा कार्यान्वयन तथा समयानुकूल परिमार्जन समेत हुनुपर्दछ ।

२६ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दफा ४६ देखि ५३ सम्म स्थानीय न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा गतवर्षको बाँकी विवाद नरहेकोमा यस वर्ष दर्ता भएको १८ मध्ये १५ वटा विवादको न्यायिक समिति मार्फत फछ्र्यौट भई ३ वटा विवाद फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

२७ **फरक शिर्षकमा खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) अनुसार सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सम्बन्धित शिर्षकबाट खर्च लेख्नु पर्नेमा फरक शिर्षकबाट खर्च लेखेको पाइयो । यसरी विनियोजित बजेट शिर्षकबाट खर्च नलेखि फरक शिर्षकबाट खर्च लेख्दा दुवै शिर्षकमा फरक परी वित्तीय विवरणले वास्तविक स्थिति देखाउन नसक्ने तथा आर्थिक अनुशासन कमजोर हुन जाने हुँदा विनियोजित शिर्षक भन्दा देहाय अनुसार फरक प्रयोजनमा भुक्तानी गरेको रकम नियमसम्मत नदेखिकोले नियमित हुनुपर्ने रु.

| गो.भौ.नं. र मिति | विनियोजित शिर्षक | खर्च भएको शिर्षक | खर्च रकम |
|---|---|---|---|
| २८३-२०८१।०१।२७ | पारिश्रमिक पदाधिकारी | कर्मचारीपारिश्रमिक | ७४३०७३ |
| ११३-२०८१।०३।०६ | कोभिड १९ को शैक्षिक क्षतिको परिपुरण | स्वास्थ्यसंरचना | ६०९०० |
| १६८-२०८१।०३।०६ | नि:शुल्कपाठ्य पुस्तक | खाजा खर्च | २९७१५ |
| **जम्मा** | | | **८३३६८८** |

| | |
|---|---|
| अनियमित भएको | ८,३३,६८८ |

२८ **विद्युत व्यवस्थापन सहयोगीः**

केन्द्रिय विद्युतीकरणको काम नेपाल विद्युत प्राधिकरणको कार्यक्षेत्रमा पर्ने भए तापनि पालिकाका विभिन्न वडामा हुन गइरहेको केन्द्रीय विद्युतीकरणमा प्राविधिक सहयोग गर्नका लागि २०७९ भाद्र १२ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार वडा नं. ३ का रिखेश्वर झेंडी मगर र वडा नं. ४ का अटल सिंजाली मगरलाई दैनिक ज्यालादारीमा काम गर्ने गरी २०७९ असोजमा विद्युत व्यवस्थापन

सहयोगीको रुपमा नियुक्त गरिएको थियो । यसरी नियुक्ती गर्दा सेवा करार नगरिएको र कार्यविवरण समेत उल्लेख नगरी कानुनी आधार बेगर ज्यालादारीमा नियुक्त गरिएको देखिन्छ । तत्पश्चात् निजहरुको सम्बन्धमा आर्थिक वर्ष २०८०।८१ मा अन्य कुनै निर्णय नभएकोमा २०८१ वैशाख ३१ गतेको कार्यपालिका बैठकबाट निजहरुलाई प्रतिमहिना रु. ९०००.०० का दरले पारिश्रमिक दिने निर्णय गरी यस वर्ष विद्युत व्यवस्थापन सहयोगीको ज्यालामा करार सेवा शुल्क शिर्षकबाट जम्मा रु. १६२०००.०० खर्च लेखिएको छ । यसरी प्रष्ट कानुनी आधार बेगर विद्युत प्राधिकरणको कार्यक्षेत्रमा पर्ने केन्द्रिय विद्युतीकरणको काममा ज्यालादारीमा सहयोगी नियुक्त गरी खर्च लेखिएको रु.१६२०००.०० नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १,६२,००० |

२९ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय सरकारले व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविध खर्चतर्फ रु. १३ लाख विनियोजन गरेकोमा रु. ९ लाख १३ हजार खर्च लेखेको छ । पालिकाले खाना खाजा लगायतमा विविध शिर्षकबाट खर्च गर्दा मितव्ययी र औचित्यपूर्ण तवरले खर्च गर्नुपर्दछ ।

३० **पदाधिकारी सेवा सुविधाः**

नेपालको संविधानको धारा २२७ मा उल्लेखित गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले यस वर्ष पारिश्रमिक पदाधिकारी, पदाधिकारी बैठक भत्ता, अन्य सुविधा तथा भत्ता र इन्धन समेत पदाधिकारी सुविधा शिर्षकमा रु. ९० लाख ५० हजार विनियोजन गरेकोमा ३४ जना जनप्रतिनिधिहरुको सेवा सुविधा (जनप्रतिनिधिको बीमा शुल्क समेत) बापत जम्मा रु. ८७ लाख ८६ हजार खर्च गरेको छ । जसमा चाडपर्व खर्च र १२ महिनाको सेवा सुविधा बापतको भुक्तानी, बैठक भत्ता, भ्रमण भत्ता र इन्धन सुविधा समेत समावेश छ ।

३१ **नदीजन्य निर्माण सामग्रीको मौज्दातः**

लेखापरीक्षणको क्रममा गाउँपालिका भित्र नदीजन्य निर्माण समाग्रीको उत्खनन र सङ्कलनमा संलग्न निर्माण व्यवसायीहरुको सङ्कलन तथा प्रशोधन केन्द्रमा मौज्दात रहेको सामग्रीको प्रमाणित मौज्दात विवरण पालिकाले उपलब्ध नगराएकोले यस सम्बन्धमा थप विश्लेषण गर्न सकिएन ।

३२ **आन्तरिक आय व्यवस्थापनः**

आन्तरिक आय व्यवस्थापनः पालिकाको कार्य क्षेत्र भित्र पर्ने बोदी खोलाको आर्थिक वर्ष २०७९/८० मा गरेको IEE प्रतिवेदन अनुसार दीगो रुपमा वार्षिक उत्खनन गर्न मिल्ने विभिन्न १८ स्थान बाट ७९८०३.५० घ.मी. नदिजन्य प्राकृतिक स्रोत रहेको देखियो । प्राविधिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७९।८० मा १७७३४.११ घ.मी. उत्खनन भई बाँकी ६२०६९.३९ घ.मी. मध्ये विभिन्न चार प्याकेजमा ३४०१६.५९ घ.मी. ढुंगा, गिट्टि तथा वालुवा संकलन तथा उत्खननको लागी वोलकवोलका लागी २०८०।०६।०९ मा सुचना प्रकासन भएकोमा प्याकेज १ को घेराङ्ग कुना क्षेत्र र सेरा पचारेन दोभान क्षेत्रमा पुनः सुचना गर्दा समेत कुनै वोलपत्रदाताले कवोल नगरेको कारण देखाई कार्यपालिकाको मिति २०८०।१०।१९ को निर्णयले अमानतबाट संकलन गर्ने निर्णय भए बमोजिम प्याकेज १ बाहेक अन्य प्याकेजमा लागेको ठेक्का बाट रु २३६५६५५.०० र अमानतबाट रु ४७४०७०१.०० गरी कुल रु ७१०६३६५.०० राजश्व संकलन हुनु पर्नेमा ठेक्काबाट असुल हुनुपर्ने रकम रु २३६५६५५.०० आर्थिक वर्ष २०८१।८२ मा जमानत जफत गरी संकलन गरिएको प्रमाण पेस गरेको छ । साथै घेराङ्ग कुना क्षेत्रबाट उत्खनन तथा संकलन गर्ने कवोल कर्ता गौरी शंकर हिमालयन कन्सट्रक्सन प्रा.लि. ले १३१८४ घ.मी. उत्खनन गर्नेगरी सम्झौता गरेकोमा यस कार्यालयका ईन्जिनियर स्तरको प्रतिवेदन अनुसार १३२०३.५४ घ.मी. उत्खनन तथा संकलन गरेको देखिएकोले सम्झौतामा उल्लेखित परिमाण भन्दा १९.५४ घ.मी. बढी (वरावर ६८९.५२ घन फिट) उत्खनन गरेको देखिएकोले सो बढी परिमाणको कवोल दर अनुसारको मुल्य अभिबृद्धि कर समेत हुने रु ७०१२.४२ सम्बन्धित कवोलकर्ताबाट असुल हुनु पर्ने रु.

| असुल गर्नुपर्ने | ७,०१२ |
|---|---|

३३ **म्याद नाघेको पेश्की:**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ बमोजिम खरिद सम्झौतामा उल्लेख भएको व्यवस्था बमोजिम पेश्की दिन सक्ने व्यवस्था छ । कार्यालयले वडा नं २ मा सामुदायिक बहुउद्देश्यिय सभाहल (ट्रस) निर्माण गर्न मिति २०७८।१०।०२ मा निर्माण उपभोक्ता समितलाई रु ६,००,०००.०० पेश्की उपलब्ध गराएकोमा लेखापरीक्षण अवधी (मिति २०८१।०८।०९) सम्म सो निर्माण कार्य सुरु नै नगरेको देखियो । सरकारी कोषबाट काम गर्न भनि लिएको रकम ३ वर्ष बिति सक्दा समेत काम नगरी बस्ने र सो पेश्की रकम तोकिएको काम भन्दा अन्यत्र प्रयोग गर्ने कार्य कानुन सम्मत देखिएन । कार्यालयले सभाहल निर्माण गर्न दिएको पेश्कीको लामो समय सम्म उपयोग भएको नदेखिदा सो पेश्की रकम सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ११३(६) अनुसार व्यज समेत हिसाब गरी असुल गर्नु पर्ने रु.

*नोटः मिथुकरम देखी नारम नागडाँडा सडक स्तरोन्नतीको लागी निर्माण व्यवसायी शिवशक्ती कन्सट्रक्सनलाई दिएको पेश्की मध्ये रु ३,८९,०००.०० फस्र्योट गरी रिभर्स भौचर उठाउदा पुनः पेश्की कायम भई यस आर्थि वर्षको अन्तमा पेश्की बाँकी देखिएको र सो पेश्की म.ले.नी.का. मा अनुरोध गरी आर्थिक वर्ष २०८१/८२ को गो.भौ.नं. ५-२०८१।०८।०५ बाट फस्र्योट गरिएकोले सो रकम पेश्की बाँकीमा नराखिएको।*

| पेश्की | ६,००,००० |
|---|---|

३४ **गाउँपालिका तर्फ बढी व्ययभारः**

कार्यालयले निर्माण कार्यको भुक्तानी गर्दा बजेटको सुनिश्चित्ता गरिएको श्रोतबाट मात्र भुक्तानी गर्नु पर्दछ । यस पालिकाले संघीय तथा गण्डकी प्रदेश सरकारबाट समपुरक तर्फको अनुदानबाट खर्च व्यहोर्ने गरी खरिद सम्झौता गरेकोमा सम्झौता अनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन नसकी म्याद थप गर्दा संघीय सरकार र प्रदेश सरकारले प्रतिवद्धता गरेको रकम खर्च नभई सम्बन्धित कोषमै फिर्ता भएको र सम्झौता गरिएका आयोजनाको भुक्तानी गर्न बाँकी रहेको सम्पुर्ण रकमको ५० प्रतिशत पालिकालाई थप व्ययभार परेको छ । पालिकाले निर्माण कार्यको म्याद थप गर्दा सो म्याद थपबाट पालिकालाई पर्ने आर्थिक दायित्व एकिन गरि म्याद थप गर्नु पर्नेमा सो गरेको देखिएन । देहाय अनुसारका निर्माण कार्यको खरिद सम्झौतामा संघ तथा गण्डकी प्रदेश सरकारको समपुरक तर्फको बजेट आर्थिक वर्षको अन्तमा फ्रिज भई फिर्ता गए पश्चात पालिकाकै आन्तरिक स्रोतबाट सम्पुर्ण रकम भुक्तानी गरेको हुदा भुक्तानी भएको रकमको ४० प्रतिशत देखि ५० प्रतिशत सम्म रकम पालिकाको आन्तरिका स्रोतमा थप व्ययभार पारेको रु.

| सि.नं. | आयोजनाको नाम | सरकरको तह | प्रतिवद्धता रकम | प्रतिवद्धता मध्ये भुक्तानी | प्रतिवद्धता मध्ये गा.पा.ले व्यहोरेको | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गा. पा . चक्रपथ मिथुकरम ववक खण्ड | संघीय (५०%) | ६१८२९६५.३७ | ६५२५०० | ५५३०४६५.३७ | |
| २ | गा. पा . चक्रपथ चापभञ्ज्याङ्ग राईका खण्ड | संघीय (५०%) | ५१७६६७८.१० | ३७००२७३.२० | १४७६४०४.९ | |
| ३ | सिंहटारी विपि चोक हुदै अकलादेवी मन्दिर सडक | प्रदेश सरकार | ५०००००० | ११००००० | ३९००००० | |
| ४ | मिथुकरम देखी नारम नगरडाडा सडक | प्रदेश सरकार | ६०००००० | ३९७८३९२ | २०२१६०८ | भुक्तानी बाहेक काम नभएको |
| जम्मा | | | | | १२९२८४७८.२७ | |

| अनियमित भएको | १,२९,२८,४७८ |
|---|---|

३५ **अनुदान फिर्ताः**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **२४९,३७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३६ **अवण्डा बजेटः**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु १ करोड ४२ लाख अबण्डा राखी कार्यपालिकाको निर्णय अनुसार विभिन्न आयोजनामा खर्च गरेको पाईयो । यसरी अबण्डा बजेट बाट निर्माण तथा खर्च गरेको कामको विवरण देहाय अनुसार रहेको छ । बजेट अबण्डा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रबृतिमा नियन्त्रण हुनु पर्दछ ।

| क्र.सं. | अबण्डा शिर्षक | खर्च गरेको | अबण्डा रकम | खर्च रकम |
|---|---|---|---|---|
| १ | विशेष पूर्वाधार विकास तथा मर्मत सम्भार | बाटो सरसफाई, टंकी जडान , रंगरोगन , फेवाली घुम्ती ढलान , धर्मात्ता मा.वि. मर्मत , बाँझौबारी सर्वजनिक भवन निर्माण आदी | ८०००००० | १८८१४१५.६ |
| २ | साना संचाई तथा खानेपानी निर्माण र मर्मत | विभिन्न कुलो मर्मत र खोला सिंचाई बाँध निर्माण | ३०००००० | ६३३४६९.५४ |
| ३ | सडक ग्रभेल | विभिन्न स्थानमा वडा स्तरीत मोटरबाटो ग्रावेल र सुचना प्रकाशन | ३२०००००० | ८५३३७०.२९ |
| जम्मा | | | १४२०००००० | ३३६८२५५.४३ |

३७ **म्याद थप बिनाका अधुरा निर्माण कार्यः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाईको कारण खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक नियकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन शुन्य दशमलव शुन्य पाँच प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति तिर्नु पर्ने व्यवस्था गरेको छ । देहायका खरिद सम्झौताको लेखापरीक्षण अवधि सम्म म्याद समाप्त भै सकेको ४० देखी १४९ दिन व्यतित भैसकेको हुँदा सम्झौताको शर्त अनुसार निर्माण कार्य टुङ्ग्याउनु पर्दछ ।

| क्र.सं. | आयोजनाको नाम | सम्झौता रकम (मू.अ.कर बाहेक) | म्याद समाप्त मिति | ले.प. अवधि (२०८१ मंसिर १०) सम्म |
|---|---|---|---|---|
| १ | मिथुकरम देखि नगरडाँडा | ७७३३९०० | २०८१।०३।१५ | १४९ |
| २ | वडा नं. १ कार्यालय भवन | १४६४०२२.१२ | २०८१।०६।३० | ४० |
| ३ | वडा नं. ५ कार्यालय भवन | ८९३०३२.२१ | २०८१।०६।३० | ४० |
| ४ | पालिका आवास कार्यक्रम | ५४३५५०० | २०८१।०६।३० | ४० |

३८ **स्वास्थ्य बीमा फार्मेसी संचालनः**

पालिकाले आफ्नै कार्यक्षेत्रको डेडगाउँ प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य बीमा संचालन गरेको र सो स्वास्थ्य केन्द्रको फार्मेसी संचालनार्थ रु ५११५६०.०० को औषधी खरिद गरी हस्तान्तरण गरेको पाईयो । नेपाल सरकारले निशुल्क गरेको औषधिको अतिरिक्त बीमा प्रयोजनार्थ खरिद भएको औषधि सम्बन्धमा आपुर्तिकर्ता सँग सो औषधिको म्याद समाप्त भएमा प्रतिस्थापन सम्बन्धि व्यवस्था समेत गरेको पाईएन भने फार्मेसीबाट औषधि बिक्री गर्ने विज्ञको व्यवस्था समेत भएको पाईएन । औषधि बक्रिी पश्चात् बीमा बोर्डवाट भुक्तानी प्राप्त गरी सो रकमको व्यवस्थान तथा अभिलेख र पुनः औषधि खरिद सम्बन्धी संस्थागत व्यवस्था समेत गरेको पाईएन । यस

सम्बन्धमा पालिकाको श्रोतबाट भएको उक्त औषधि उपयोग तर्फ उचित व्यवस्थापन हुनु पर्ने तथा सुत्र प्रणाली बमोजिम उक्त कारोआरको लेखांकन ,प्रतिवेदन र लेखापरिक्षण हुनुपर्दछ। ।

३९ **आँखा उपचार केन्द्र स्थापनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत स्वास्थ्य खण्डमा स्थानीय स्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचरात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन गर्ने विषय उल्लेख छ । पालिकाले स्थानीय समुदायमा आँखा सम्बन्धी स्वस्थ्य सेवा सञ्चालन गर्न वार्षिक बजेटमा आँखा उपचार केन्द्र स्थापना शिर्षकमा रु. ६००००० .०० बजेट विनियोजन गरेको छ । केन्द्र सञ्चालनको लागि पालिकाले भरतपुर आँखा अस्पतालसँग मिति २०८०।०६।२६ मा ५ वर्षको लागि आँखा उपचार केन्द्र सञ्चालन सम्झौता गरेको देखिन्छ । सम्झौता अनुसार आँखा उपचार केन्द्रको लागि आवश्यक औषधि, उपकरणहरु र जनशक्तिको व्यवस्था भरतपुर आँखा अस्पतालले गर्ने र केन्द्र सञ्चालनको लागि पालिकाले भवन तथा वार्षिक रुपमा रु. ६००००० .०० भरतपुर आँखा अस्पताललाई उपलब्ध गराउनुपर्ने देखिन्छ । केन्द्रको प्रभावकारी र गुणस्तरीय सञ्चालनको लागि ७ सदस्यीय आँखा उपचार केन्द्र सहयोग समित गठन गरिने र केन्द्रबाट बिरामीसँग लिइएको नयाँ रजिष्ट्रेशन शुल्कको १० प्रतिशत रकम आँखा उपचार केन्द्र सहयोग समितिलाई दिइने उल्लेख छ । उक्त समिति गठन भएनभएको तथा समितिले के कसरी काम गरिरहेको छ भन्ने बारे यकीन अभिलेख उपलब्ध छैन । केन्द्रले यस वर्ष बिरामीसँग लिएको नयाँ रजिष्ट्रेशन शुल्क तथा त्यसबाट आँखा उपचार केन्द्र सहयोग समितिलाई उपलब्ध गराएको रकम स्रेस्ता विवरणबाट खुलेको छैन । पालिकाले यस वर्ष भरतपुर आँखा अस्पताललाई रु. ६००००० .०० भुक्तानी गरेको छ तर आँखा उपचार केन्द्र सञ्चालन सम्बन्धमा पालिकाले कुनै पनि अनुगमन तथा मूल्याङ्कन नगरी भरतपुर आँखा अस्पतालले पेश गरेको आवधिक प्रतिवेदन तथा निवेदनको आधारमा भुक्तानी गरेको देखिन्छ । तसर्थ आँखा उपचार केन्द्रमा अस्पतालले खटाएको जनशक्ति, केन्द्रबाट प्रवाह भएको सेवा र सोको प्रभावकारिता तथा सम्झौता बमोजिम सङ्कलित सेवा शुल्क बाँडफाँड सम्बन्धमा अनुगमन मूल्याङ्कन गरी आँखा उपचार केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४० **औषधि खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने सम्बन्धमा भएको व्यवस्था बमोजिम वार्षिक आवश्यकताको परिमाण विश्लेषण गरी गरी पुल सिस्टमको आधारमा आयुर्वेदिक औषधीको आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । यस वर्ष पालिकाले नागरिक आरोग्य केन्द्रको लागि २ पटकमा जम्मा रु. ६९६८५५.०० को आयुर्वेदिक औषधि खरिद गरेकोमा खरिद गर्नु अघि आवश्यकताको विश्लेषण र लागत अनुमान विवरण तयार गरेको पाइएन भने खरिद गरिएका आयुर्वेदिक औषधिको खर्च निकासा गरी सम्बन्धित आयुर्वेद स्वास्थ्य केन्द्रमा हस्तान्तरण गरेको जिन्सी अभिलेखबाट देखिँदैन । पालिकाले यस प्रकारको औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी माग तथा आवश्यकताको विश्लेषणका आधारमा लागत अनुमान तयार गरी सोही बमोजिम औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

४१ **सामाजिक सुरक्षा भत्ताः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा आ.व. २०८०।८१ मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु. ६८३२३०००।०० विनियोजन भएकोमा रु. ६८२११७१४।०० खर्च भएको छ । सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्न छन् :

४१.१ **सूचना प्रवाहः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानिय तहले सम्बन्धित गाउँ सभा तथा नगर सभामा पेश गर्नुपर्ने र स्थानीय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिको बुँदा ३२ मा स्थानीय तहले भुक्तानी गरेको भत्ता रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहको कार्यालयको अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था भए तापनि पालिकाले नियमित रुपमा लाभग्राहीहरुको

नाम नामेसी सार्वजनिक गरेको र वेबसाइटमा अद्यावधिक गरेको पाइएन । समाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको पालना हुनुपर्दछ ।

४१.२ **सार्वजनिक सुनुवाइः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुँदा ३४ अनुसार स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषयलाई समेत समावेश गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तहले आफूले सक्ने कुरा सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझावहरु सम्बोधनका लागि स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित नियकायमा पठाउनु पर्ने व्यवस्था भएकोमा उल्लिखित कार्य भए गरेको पाइएन। कार्यविधिको पालना गरी नियमित रुपमा सार्वजनिक सुनुवाई गरी भत्ता वितरण सम्बन्धमा छलफल गर्नुपर्दछ ।

४२ **विधुर पुरुषको लागि सामाजिक सुरक्षा भत्ताः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ८ को बुँदा नं. ३८ अनुसार स्थानीय तहले संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम अन्तर्गतको सामाजिक सुरक्षा भत्ताको उपयोग तथा प्रभावकारिता बढाउन सचेतनामुलक कार्यक्रम, बैंङ्कलाई लाभग्राहीको नजिक पुर्याउने कार्यक्रम तथा बालबालिका, अशक्त तथा असहाय व्यक्ति, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको हेरचाह, संरक्षण तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रम साथै विपदको परिस्थितिमा आपतकालीन सहयोग कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था छ । तर स्थानीय तहले आफ्नो कोषबाट अन्य छुट्टै सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सक्ने सम्बन्धमा कुनै व्यवस्था नभएकोमा पालिकाले यस वर्ष पालिकाले आन्तरिक स्रोतबाट विधुर पुरुषको लागि सामाजिक सुरक्षा भत्ता शिर्षकमा रु. ९०००००.०० विनियोजन गरी रु. ७७४०००.०० खर्च गरेको छ । यसरी सामाजिक सुरक्षा भत्ता बापत अतिरिक्त कार्यक्रम सञ्चालन गरी संघीय सरकारको कार्यविधि विपरित खर्च भएको रकम नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ७,७४,००० |

४३ **भु-उपयोगः**

पालिका भित्रको जग्गाको वर्गिकरण गरी भु-उपयोग अवस्था सम्बन्धी कार्य वापत पारामर्शदाता मर्दि ईन्जिनियरिङ्ग कन्सल्टेन्सीलाई गो.भौ. नं ४७० मित २०८१।०३।२४ बाट रु ८९८३५०.०० भुक्तानी गरेको पाईयो । सम्झौत अनुसार पारामर्शदाताबाट ड्राफ्ट प्रतिवेदन पेश गरी सो उपर प्रस्तुतिकरण गर्नु पर्नेमा सो गरेको प्रमाण संलग्न नभएको, अन्तिम प्रतिवेदन अनुसार २४५०९ कित्ताको अभिलेख रहेकोमा पालिका भित्र वर्गिकरण छुट भएका कित्ताको वर्गिकरण र अभिलेखिकरण कसरी गर्ने भन्ने स्पष्ठ विवरण नरहेको, प्रतिवेदन कार्यान्वयनको लागी नापी तथा मालपोत कार्यालयमा पठाएको अभिलेखबाट नदेखिएको साथै जग्गा वर्गिकरणलाई पालिकाको राजश्व (कर, दस्तुर र शुल्क) सँग आन्तरिकीकरण गरी आवद्ध गरेको पाईएन ।उल्लिखित अवस्थाले उक्त परामर्श सेवा कार्यान्वयन भएको नदेखिएकोले खर्च उपयोगिताको लागी प्रतिवेदन कार्यान्वयन हुनु पर्दछ ।

४४ **कालिगण्डकी नदी क्षेत्रको IEE:**

कालिगण्डकी नदी क्षेत्रमा ढुंगा, गिट्टि, वालुवा उत्खनन तथा संकलन गर्ने प्रयोजनार्थ पारमर्शदाता एस.टि. ईन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्सट्रक्सन प्रा.लि. सँग मिति २०८०।१०।२९ मा अन्तिम प्रतिवेदन दिनु पर्ने गरी मिति २०८०।०९।०५ मा रु. ४४५६५०.०० सम्झौता भएको पाईयो । परामर्शदाताले गरेको यस कामको सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

४४.१ **खर्चको उपयोगिताः** खर्चको उपयोगिता हुने गरी सार्वजनिक खरिदमा खर्च हुनु पर्दछ । पालिकाले बौदिकाली गाउँपालिका भएर बग्ने कालिगण्डकी बगर क्षेत्रबाट दिगो रुपमा ढुंगा, गिट्टि, वालुवाको संकलन तथा उत्खनन कार्य संचालनका लागी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्न परामर्शदाता एस.टि. ईन्जिनियरिङ्ग एण्ड कन्सट्रक्सन प्रा.लि. लाई गो.भौ.नं १८२ मिति २०८१।०३।०६ बाट रु ४,४५,६५०.०० (मु.अ. कर समेत) भुक्तानी गरेकोमा सो ठाउँमा आय ठेक्का लागाई वा अमानतबाट पालिकाले आय प्राप्त गरेको पाईएन । तसर्थ प्राकृतिक स्रोत (ढुगा, गिट्टि, वालुवा) बिक्री बाट आय प्राप्त नहुने अवस्थामा आई.ई.ई. को लागि भएको खर्च उपयोग नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,४५,६५० |

४४.२ **पूर्व निर्धारित क्षतिपूर्तिः**

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **१३,४०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५ **छात्रवृति कार्यक्रमः**

पालिकाले आफ्नो स्थानीय तह भित्रका सरकारी विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गरी उच्च शिक्षामा प्राविधिक धारमा अध्ययन गर्ने जेहन्दार विद्यार्थीलाई प्रोत्साहन गर्न छात्रवृत्ति प्रदान गर्ने विषयलाई व्यवस्थित गर्न प्राविधिक शिक्षा अध्ययन छत्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७९ तयार गरी कार्यान्वियनमा ल्याएको छ । कार्यविधि अनुसार प्राविधिक शिक्षामा विद्यार्थी अध्ययनरत शिक्षालयले गरेको सिफारिसको आधारमा अन्य कुनै पनि सरकारी छात्रवृत्ति प्राप्त नगरेको विद्यार्थीलाई मासिक पाँच हजारका दरले छात्रवृत्ति उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले यस वर्ष मेरै गाउँमा मेरै प्राविधिक कार्यक्रमको लागि प्राविधिक शिक्षा छात्रवृत्ति शिर्षकमा २० लाख बजेट विनियोजन गरेकोमा ३२ जना विद्यार्थीलाई छात्रवृत्ति वितरणमा १८ लाख ९० हजार खर्च गरेको छ । यसरी वितरण गरिएको छात्रवृत्ति मध्ये किसान बहुप्राविधिक शिक्षालय, चापाकोट स्याङ्जामा वर्गीकृत छात्रवृत्ति कोटामा डिप्लोमा इन एग्रीकल्चर पशु विज्ञान विषय अध्ययनरत बुद्धिप्रसाद ढकाललाई वितरण गरिएको छत्रवृत्ति रु. ६००००.०० कार्यविधि अनुसार नभएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ६०,००० |

४६ **स्वयंसेवक शिक्षक परिचालन कार्यक्रमः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (९) मा स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । सोही व्यवस्था बमोजिम संघ सरकारले शिक्षकहरुको पारिश्रमिकको लागि स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्दै आएको छ । पालिकाले यस वर्ष स्वयंसेवक शिक्षक परिचालन कार्यक्रम शिर्षकमा रु. ५०००००.०० विनियोजन गरी देहायका ४ वटा विद्यालयहरुलाई स्वीकृत शिक्षक दरवन्दी भन्दा बाहिरका स्वयंसेवक शिक्षकको तलबको लागि रु. ४१९३३३.०० खर्च निकासा गरेको पाईयो । आवश्यक भए दरबन्दी स्वीकृत गर्ने तर्फ पहल गर्नुपर्नेमा शिक्षा समिति तथा पालिकाको निर्णय र स्वीकृति बेगर स्वीकृत दरबन्दी भन्दा बाहिर स्वयंसेवक शिक्षक नियुक्त गरी तलब भत्ता निकासा भएको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | स्वयंसेवक शिक्षक संख्या | जम्मा शिक्षक संख्या | जम्मा विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | श्री लोकप्रिय आ.वि. | १ | १० | ६५ |
| २ | श्री नगरडाँडा मा.वि., नरम | १ | १४ | १६० |
| ३ | श्री सिद्धी विद्याश्रम आ.वि. | २ | १४ | ११० |
| ४ | श्री शारदा मा.वि., रकुवा | १ | १५ | १८० |

| | |
|---|---|
| अनियमित भएको | ४,१९,३३३ |

४७ **विद्यालयको लेखापरीक्षणः**

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **३८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४८ **कृषि तथा पशुमा अनुदानः**

कृषि तथा पशुमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८० अनुसार सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन पेश गर्नुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष सञ्चालित प्रमुख कार्यक्रमहरु देहाय अनुसार छन्।

| गो.भौ.नं. | विवरण | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| ३१३-२०८१।०२।२१ | मागको आधारमा कृषि कार्यक्रम (Reaper Mini Tiller खरिद तथा वितरण) | १४०००० | डेढगाउँटार सिँचाई जल उ.स.लाई हस्तान्तरण |
| ४४३-२०८१।०३।१३ | नश्ल सुधारको लागि २ वटा मुर्रा राँगो खरिद तथा वितरण | ८८४०० | अकला दुग्ध उत्पादक सहकारी संस्थालाई हस्तान्तरण |
| ३१७-२०८१।०२।२१ | | ६०००० | |
| ४५६-२०८१।०३।२४ | 50 % अनुदानमा उन्नत जातको बाख्रा खरिद तथा वितरण | ३६८६०० | वडा नं. ६ मा २० वटा बोयर क्रस बोका वितरण |
| २८२-२०८१।०१।२६ | कृषि बाली उपचार शिबिर, विषादी, खाद्यतत्व तथा औषधि खरिद तथा वितरण | १९१८०० | स्थानीय किसानहरुलाई निशुल्क वितरण |

कृषि तथा पशुमा अनुदान सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्न अनुसार छन् ।

• अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलब्धि मूल्याङ्कन भएको छैन ।

• सञ्चालित अनुदानका कार्यक्रमहरु संघ तथा प्रदेश सरकारले सञ्चालन गरेका कार्यक्रमहरुसँग जुधेर दोहोरो परे नपरेको सम्बन्धमा एकीन अभिलेख राखिएको छैन ।

• अनुदानमा Reaper Mini Tiller र मुर्रा राँगो खरिद तथा वितरण गर्दा सम्बन्धित किसानहरुसँग वित्तीय साझेदारी नगरी शतप्रतिशत अनुदानमा वितरण गरिएको छ ।

तसर्थ अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी लाभग्राही किसानहरुसँगको वित्तीय साझेदारीमा पालिकाले आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकाबाट साना साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुँदा उत्पादनमा आधारित ठूला अनुदानका कार्यक्रम संचालन गरी व्यवसायिक कृषि तथा पशुपालनलाई प्रवर्द्धन गर्नुपर्ने देखिन्छ। साथै अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकीन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

४९ **पशुजन्य औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने सम्बन्धमा भएको व्यवस्था बमोजिम वार्षिक आवश्यकताको परिमाण विश्लेषण गरी गरी पुल सिस्टमको आधारमा पशुजन्य औषधीको आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । यस वर्ष पालिकाले पशु विकास शाखाको लागि रु. ५९७८७५।०० को पशुजन्य औषधि खरिद गरेकोमा खरिद गर्नु अघि आवश्यकताको विश्लेषण र लागत अनुमान विवरण तयार गरेको पाइएन । खरिद गरिएका औषधिहरुको जिन्सी दाखिला गरिए पनि खर्च निकासा तथा हस्तान्तरण फारममा अभिलेख नराखी पशु विकास शाखा मार्फत किसान तथा वडाहरुमा वितरण गरेको पाइयो । जसले गर्दा जिन्सी अभिलेखले औषधिको यथार्थ मौज्दातको अवस्था नदेखाउने र जिन्सी नियन्त्रण समेत प्रभावकारी नहुने देखिन्छ । अत: पालिकाले यस प्रकारको औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन हुने गरी माग तथा आवश्यकताको विश्लेषणका आधारमा लागत अनुमान तयार गरी सोही बमोजिम औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

५० **पूर्व निर्धारित क्षतिपूर्तिः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाईको कारण खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक नियकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी

प्रति दिन शुन्य दशमलव शुन्य पाँच प्रतिशतका दरले पुर्व निर्धारित क्षतिपुर्ती तिर्नु पर्ने व्यवस्था गरेको छ । गाउँपालिका-फेदी- टारी-मौलथर हुदै कुप्सेकोट गाउँपालिकाको झ्यालबास जोड्ने सडक स्तरोन्नती करायको लागी निर्माण व्यवसायी श्री परासी निर्माण सेवा र कार्यालय विच मिति २०७७।१२।०३ मा रु ६२५८९५८.१३ (मुल्य अभिबृद्धि कर समेत) मा भएको सम्झौता अनुसार मिति २०७८।०२।१५ भित्र निर्माण सम्पन्न गरिसक्नु पर्नेमा सो अवधीमा निर्माण सम्पन्न भएको देखिएन । निर्माण व्यवसायीले समयमै काम नसकी तीन वर्ष पछी एकै पटक मिति २०८०।११।१४ अन्तिम बिल भुक्तानी गर्दा म्याद थप बेगर सम्झौता कार्य सम्पन्न गरेको छ । निर्माण कार्यको म्याद समाप्त भएको २०० दिन बिति सकेको देखिदा सार्वजनिक खरिद ऐन र नियमावली अनुसार सम्झौता रकम रु ५५३८९०१.०० (मु.अ. कर बाहेक) को प्रतिदिन ०.०५ प्रतिशतले हुने रु २७६९.४५ का दरले २०० दिनको हुने रकम रु ५५३८९०.०० पुर्व निर्धारित क्षतिपुर्ति बापत सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,५३,८९० |

५१ **जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **६७,५७१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५२ **पशुपालक तालिमः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) बमोजिम कुनै पनि कार्यक्रमको खर्च रकम भुक्तानी गर्दा खर्च प्रमाणित हुने बिल बीजक संलग्न गरेर भुक्तानी गर्नुपर्दछ । पालिकाले यस वर्ष दुग्ध उत्पादक किसानहरुलाई गोठ सुधार तथा दुग्ध उत्पादन सम्बन्धमा २ जना दक्ष जनशक्तिबाट तालिम प्रदान गर्नेगरी गौतम डेरी तथा पशुपालन फर्मसँग सम्झौता गरेकोमा सम्झौता अनुसार तालिम सञ्चालन भएको देखिएन । तर अकला दुग्ध उत्पादक सहकारी संस्थाको दुग्ध सङ्कलन केन्द्र उद्घाटन कार्यक्रमको उपस्थिति माइन्युट संलग्न राखी गौतम डेरी तथा पशुपालन फर्मलाई रु. २५५००.०० भुक्तानी गरेको देखिएकोले सम्झौता अनुसारको तालिम सञ्चालन बेगर भुक्तानी भएको रकम सम्बन्धित फर्मबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,५०० |

५३ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले 753 वटै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार सञ्चालन कार्यविधि, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएका बेरोजगारहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ । कार्यक्रम अन्तर्गत यस आ.व.मा पालिकाका ६ वटा वडामा नाली सरसफाई, मोटरबाटो निर्माण तथा सरसफाइ, सिँचाइ कुलो मर्मत तथा नहर सरसफाइ, चौतारो निर्माण, खानेपानी योजना निर्माण लगायतका प्याकेजमा निर्माण, मर्मत तथा सरसफाइका १९ वटा प्याकेजमा कार्यक्रम सञ्चालन गरी जम्मा ७७१ जना सूचीकृत बेरोजगारहरु मध्ये ९१ जनालाई औसत ८० दिनका दरले जम्मा ७३०३ दिन रोजगारी उपलव्ध गराई ज्याला बापत कुल रु. ४८ लाख ७८ हजार ४०४ खर्च गरेको छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित बजेट रु. ७२३००००।०० मध्ये लक्षित वर्गलाई औसत ८० दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत ६९०९६६६।०० खर्च लेखेको छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना अभिवृद्धि तथा दीर्घकालीन रोजगारी सिर्जनामा प्रभावकारी योगदान पुगेको देखिँदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५४ **बढी भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **१३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५५ **औद्योगिक ग्राम बापतको अनुदानः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **३,४९४,३४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५६ **बीमा शर्तको पालनाः**

सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा बीसलाख रुपिया भन्दा बढीको निर्माण कार्यको हकमा सो निर्माण कार्यमा प्रयोग गरिने मेसिन, उपकरण, प्लान्ट आदीको विमा गराउनु पर्ने उल्लेख छ । निर्माण कार्यको लागी गरिएको ठेक्का सम्झौतामा सो निर्माण कार्यको लागी साईट उपलब्ध गराएको दिन देखी त्रुटि सच्याउने अवधी सम्मको विमा गराउनु पर्ने व्यहोरा सोही सम्झौता को GCC 19.1 मा उल्लेख छ । कार्यालयले खरिद सम्झौता गरि काम सुरु गरेको धरै समय पश्चात मात्र वीमा गरेको देखियो । कार्यालयले वीमा वापतको भुक्तानी परीक्षण गर्दा खरिद सम्झौताको बि.ओ.क्यू. मा रहेको वीमा वापतको रकम निर्माण व्यवसायीलाई भुक्तानी दिने प्रयोजनको लागी मात्र ठेक्का अवधीको अन्तिममा वीमा गरेको देखिन्छ । यसरी आयोजनाको खरिद सम्झौता भएको लामो समय पश्चात भुक्तानी प्रयोजनको लागी मात्र वीमा पोलिसी पेश गरी PS मा व्यवस्था भए वमोजिम निर्माण व्यवसायीलाई भुक्तानी गरेको पाईयो । निर्माण कार्यको सम्भावित जोखिम न्युनिकरणको लागी भएको वीमा व्यवस्थाको प्रभावकारी व्यवस्थापन भएको नदेखिदा सम्झौताको शर्त बमोजिम निर्माण अवधी र सम्झौता रकम खाम्ने गरी वीमा हुनु पर्दछ ।

| सि.नं. | कामको विवरण | सम्झौता मिति | बीमा गरेको मिति | ठेक्का अवधी | बीमा अवधी | बीमा बापत को भुक्तानी | घटी अवधि बापतको रकम |
|---|---|---|---|---|---|---|---|
| १ | सिंहटारी बिपी चोक अकलादेवी मन्दिर सडक | २०८०।०२।१६ | २०८०।०८।१२ | ६ महिना | २महिना | ५०००० | ३३३३३ |
| २ | १५ शैया अस्पताल भवन निर्माण (माउन्टेन ईन्फ्रा कम्पनी लि.) | २०७८।०३।१४ | २०७९।०२।२७ | २४महिना | ११महिना | ११६९५०० | ६३३४८० |
| जम्मा | | | | | | | ६६६८१३ |

५७ **PS रकममा मू.अ.कर थप गरी भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **११,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५८ **कार्य सम्पादन जमानतको म्याद थप हुनुपर्नेः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) मा निर्माण व्यवसायीले कार्यसम्पादन जमानत पेश गर्नु पर्ने व्यवस्था गरेको छ । सम्झौताको शर्त अनुसार सो कार्यसम्पादन जमानतको अवधी निर्माण अवधी र थप तेह्र महिनाको हुने गरी थप व्यवस्था गरेको देखियो । निर्माण अवधी पश्चात त्रुटि सच्याउने अवधी सुरु हुने भएकोले निर्माण व्यवसायीले मान्य अवधी भित्रै निर्माण सम्पन्न गर्नु पर्ने तथा सो नभएमा समयमै म्याद थप गर्न निवेदन पेश गर्नु पर्दछ । देहायका निर्माण व्यवसायीले सम्झौताको मान्य अवधी भित्र निर्माण कार्य सम्पन्न गरेको नदेखिएको साथै सो अवधी भित्र म्याद थपको प्रकृया समेत गरेको नदेखिदा कार्य सम्पादन जमानतको अवधी समेत निर्माण कार्य

समाप्त नहुदै त्रुटि सच्याउने अवधीमा गएको पाईयो । कार्यालयले यसरी निर्माण कार्यको म्याद थप नगरी खरिद सम्झौताको म्याद गुजारी बसेका निर्माण व्यवसायीले पेश गरेका कार्य सम्पादन जमानतको म्याद थप गर्न लगाई अध्यावधिक गर्नु पर्दछ ।

| क्र.सं | आयोजनाको नाम | ठेक्काको म्याद समाप्त मिति | कार्य सम्पादन जमानत रकम | कार्य सम्पादन जमानतको म्याद समाप्त मिति |
|---|---|---|---|---|
| २ | वडा नं १ कार्यालय भवन | २०८१।०६।३० | ८३५०० | २०२५ अगस्ट १६ |
| ३ | वडा नं ५ कार्यालय भवन | २०८१।०६।३० | ५७१०० | २०२५ अगस्ट १६ |
| ४ | पालिका आवास कार्यक्रम | २०८१।०६।३० | ६४५५०० | २०२५ जुलाई ९ |
| जम्मा | | | ७८६१०० | |

५९ **ठेक्का नं २०७७/७८-०३(RE) (१५ शैय्या अस्पताल भवन निर्माण):**

पालिकाको १५ शैया अस्पताल भवन निर्माणको लागी रु १७,६६,७०,३७५.१४ को लागत अनुमान बनाई वोलपत्र आह्वान गरेकोमा पेस भएका बोलपत्र मध्ये न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही वोलपत्रको रुपमा निर्माण व्यवसायी श्री माउन्टेन ईन्फ्रा कम्पनी लिमिटेडसँग दुई वर्ष भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०७८/०३/१४ मा सम्झौता गरेको छ । सो ठेक्कामा हालसम्म पाँच वटा रनिङ्गबिल बाट रु १३,७४,९०,३२१.४१ निर्माण कार्य वापत र रु २,९७,३३,२९७.०८ मुल्य समायोजन वापत गरी कुल रु १६,७२,२३,६१८.४९ खर्च लेखेको छ । निर्माण व्यवसायीले पाँचौ रनिङ्गबिल रु ४,७६,३०,८५,०६०.८१ को पेश गरेकोमा रु ४,३५,५४,६६०.२२ मात्र भुक्तानी भई रु ४१,३८,५५७.५८ भुक्तानी बाँकी रहेको छ । कार्यालयले अन्तिम रनिङ्ग बिल बापत रु १,६०,६७,७६०.६६ को बिल बनाएर राखेकोमा संघीय सरकारबाट सो वापतको रकम प्राप्त नभएको हुदा हाल सम्म भुक्तानी हुन सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

५९.१ **मूल्य वृद्धि बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ तथा खरिद सम्झौताको शर्त अनुसार निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी गर्न सकिने व्यवस्था छ । कार्यालयले मूल्य समायोजन वापत निर्माण व्यवसायीलाई भुक्तानी दिँदा निर्माण व्यवसायीले पेश गरेको मितिले ३० दिन पहिलेको इन्डेक्स लिई गणना गर्दा आउने फ्याक्टरका आधारमा समायोजन भुक्तानी दिएको देखियो । निर्माण व्यवसायीले निर्माण कार्य सुरु गरेको मिति देखी रनिङ्ग विल पेश भएको अवधीसम्मै निर्माण सामाग्री प्रयोग गर्ने हुदा काम सुरु भए देखी बिल पेस भएको अवधी सम्म हुने मुल्य बृद्धिले सो निर्माण व्यवसायीलाई असर गर्ने हुन्छ । त्यसैले सो अवधी बिचको इन्डेक्सको औसतमा गणना गरी आउने फ्याक्टरका आधारमा भुक्तानी दिनु पर्नेमा सो गरेको देखिएन । यसका कारण गणना फरक परी निर्माण व्यवसायीलाई भुक्तानी दिनु पर्नेभन्दा बढी रकम भुक्तानी भएको पाईयो । यसका साथै Construction Material को बेस ईण्डेक्स १०९.३० हुनु पर्नेमा १०८.२१ राखी गणना गर्दा समेत बढी भुक्तानी भएको हुदा सो बढी भुक्तानी बापतको देहाय अनुसारको रकम सम्बन्धित निर्माण व्यवसायी श्री माउन्टेन ईन्फ्रा कम्पनी लि. बाट असुल गर्नुपर्ने रु.

| IPC No. | IPC रकम | पेश्की रकम | समायोजन योग्य रकम | ईण्डेक्स | रकम |
|---|---|---|---|---|---|
| १ | ५७१५०३१.८ | १३६०६८५ | ४३५४३४६.८ | ०.०८५१ | ३७०५३९.६२ |
| २ | ४०७१६५४७.६४ | ७६८७६५८ | ३३०२८८८९.६४ | ०.१७४८ | ५७७२९०४.४४ |
| ३ | ६९६६७७९.३९ | ८४५९१२ | ६१२०८६७.३९ | ०.१८४७ | ११३०७२१.०८ |
| ४ | ३२०२८१९१.६७ | ३६५१३९६ | २८३७६७९५.६७ | ०.२०२२ | ५७३८७११.०६ |
| ५ | ३५१२४०९२.१२ | ९३५४३४९ | २५७६९७४३.१२ | ०.२०७७ | ५३५२०७९.५४ |
| जम्मा हुनु पर्ने भुक्तानी | | | | | १८३६४९५५.७४ |
| पाँचौ बिल सम्मको खुद भुक्तानी | | | | | २६३१२६५२.२८ |
| बढी भुक्तानी | | | | | ७९४७६९६.५४ |
| मल्य अभिबृद्धि कर | | | | | १०३३२००.५५ |
| कुल बढी भुक्तानी रकम | | | | | ८९८०८९७.०९ |

**(विस्तृत विवरण बेरूजु दफा ५९.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | ८९,८०,८९७ |
|---|---|

५९.२ **परामर्शदाताको भुक्तानीः** एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम मातहत अस्पताल नरहेका स्थानीय तहहरूमा ५ देखि १५ सैयासम्मका अस्पतालको निर्माणका लागि अस्पताल भवनको संभाव्यता अध्ययन र ड्रइङ्ग डिजाइनसहितको विस्तृत आयोजना प्रतिवेदन तयार भएको अवस्था छ । यस पालिकामा १५ सैयाको अस्पतालका लागि ड्रइङ्ग डिजाइनसहितको विस्तृत आयोजना प्रतिवेदन तयार पारमर्शदाता ईगल्स सलुसन प्रा.लि. गरेको पाइयो । अस्पतालको डिजाइन र ड्रइङ्ग स्वास्थ्य मन्त्रालयको स्वीकृत प्रोटोटाईप अनुसारको भएकोले सबैमा स्थानमा उही प्रकारको रहेको स्थिति छ । तर पालिकाले यस अस्पतालको छुट्टै विस्तृत आयोजना प्रतिवेदन बनाई ईन्जिनियरिङ्ग सर्भे, ड्रईङ्ग, डिजाईन गरेको भनि मिति २०७८।०३।२५-७७ बाट रु १९,९३,३२०.०० रकम खर्च लेखिएको छ । परामर्शदाताले मन्त्रालयको स्वीकृत प्रोटोटाईपलाई अनुसारकै ड्रईङ्ग डिजाइन उतार मात्र गरेकोमा सो मा संसोधन गर्न मिति २०७७।१०।०४ मा कार्यालयले पठाएको र सो पत्रको मिति २०७७।१०।१५ मा मन्त्रालयले जवाफ दिई परामर्शदाता आफै जिम्मेवार हुने गरी विस्तृत आर्किटेक्चर डिजाईन, स्ट्रक्चर डिजाईन, स्यानीटरी डिजाईन, लागत अनुमान तयार गरी निर्माण कार्य अगाडी बढाउन निर्देशन दिएको पाईयो । परामर्शदाताले तयार गरेको लागत अनुमानमा गार्ड घरको लागत नजोडिएको, ड्रईङ्ग अनुसार डण्डीको परिमाण कंक्रिटको ३ प्रतिशत भन्दा बढी भएकोमा लागत अनुमानमा १.७५ प्रतिशत मात्र राखेको र सोही कारण भेरिएसन गर्नु परेको तर भेरिएसन गराउने कार्यमा समेत सहयोग नगर्दा एक जना विज्ञ करारमा ल्याई भेरिएसनको कार्य गर्नु परेको पाईयो । डिजाईन स्वीकृत गर्दा डिजाईन परिवर्तन तथा भेरिएसन लगायतका सम्पुर्ण कार्यको जिम्मेवारी परामर्शदाताकै हुने गरी स्वीकृत भएकोमा सो वापतको भुक्तानी लिए पश्चात सम्पर्कमै आएको नदेखिदा सो वापत भएको भुक्तानी रु १९,९३,३२०.०० उपयोग विहिन देखिदा सो परामर्शदातालाई कानूनबमोजिम थप कारवाही गरी जिम्मेवार बनाउनु पर्ने रु.

| अनियमित भएको | १९,९३,३२० |
|---|---|

५९.३ **अस्पताल संचालनः** स्थानीय तहमा अस्पताल निर्माण पश्चात सोको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी सम्बन्धित पालिकाको हुने व्यवस्था छ । एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम मातहत डेढगाउँमा १५ शैय्या अस्पतालको निर्माण कार्य ठेक्का सम्झौताबमोजिम सम्पन्न भैसकेको तर अन्तिम बिलको भुक्तानी हुन मात्र बाँकी रहेको छ । अस्पताल भवन निर्माण पश्चात सोलाई संचालन गर्न आवश्यक मेशिन उपकरणका साथै डाक्टरलगायतका जनशक्ति आवश्यक पर्छ । अस्पताल सञ्चालनका लागि पर्याप्त तयारी नभएको हुँदा भवन निर्माण पश्चात अस्पताल सञ्चालन हुन सक्ने स्थिति दुर्बल देखिन्छ । पालिकाले अस्पतालको सञ्चालन र व्यवस्थापन गर्न आवश्यक पर्ने श्रोत र सोको पुर्तिसहितको कार्य योजना तयार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५९.४ **ईन्जिनियरिङ्ग सुविधाः** सार्वजनिक लेखा समितिबाट २०६९।१।८ मा निर्माण कार्यको विलअफ क्वान्टिटिमा सवारीसाधनको भाडा, साईट अफिस भाडा जस्ता निर्माण कार्यसँग असम्बन्धित खर्च समावेश नगर्ने र लागत अनुमान बृद्धि नियन्त्रण गर्न नीति वनाउने निर्देशन भएको छ । कार्यालयले सो निर्देशन अनुकूल नहुने गरी यस अस्पताल भवन निर्माणको विल अफ क्वान्टिटिमा ईन्जिनियरिङ्ग सुविधा रु. ४ लाख ८० हजार समावेश गरी यो वर्षसम्म सम्पुर्ण रकम भुक्तानी दिएको छ । विल अफ क्वान्टिटिमा ईन्जिनियरिङ्ग फ्यासिलिटी समावेश गरी भुक्तानी गरेकोमा कार्यालयले विगत वर्षमा औँल्याईएको बेरुजु वापत रु ४,४२,४००.०० असुल गरी बेरुजू खातामा दाखिला गरी सकेकोमा बाँकी रहेको रु ३७,६००.०० असुल हुन बाँकी रहेको देखियो । सार्वजनिक लेखा समितिको निर्देशन पालना नगरी निर्माण कार्यको विलअफ क्वान्टिटिमा ईन्जिनियर्स फ्यासिलिटि खर्च समावेश गरी भुक्तानी दिएको बाँकी रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,६०० |

५९.५ **भेरिएसन आदेशः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिमको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्नु पर्दछ । कार्यालयले यस १५ शैया अस्पतालको स्वीकृत डिजाईन अनुसारको निर्माण कार्य गर्दा बढी लागत पर्न जानुका साथै भेरिएसन गरी थप भएको लागत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भुक्तानी नगर्ने भए पश्चात पालिकाले सम्झौताको BOQ मा भएका आईटम मध्ये धेरै आईटमको काम नगर्ने र सो को सट्टामा परामर्शदाताले लागत अनुमान गर्दा छुटाईएका र परिमाण घटी अनुमान गरेका आईटममा थप गरी कार्य गर्ने गरी मिति २०८०।०८।२४ मा भेरिएसन आदेश स्वीकृत गरेको पाईयो । यसरी अस्पताल भवन निर्माणको लागी आवश्यक पर्ने देहाय अनुसारका आईटमहरु समेत हटाई स्विकृत गरिएको भेरिएसन आदेश कनुन सम्मत नदेखिदा यसरी गरिने भेरिएसनमा नियन्त्रण गरिनु पर्दछ ।

| आईटम | सुरु सम्झौता परिमाण | Vo अनुसारको परिमाण | घटी परिमाण | दर | घटाईएको रकम |
|---|---|---|---|---|---|
| RCC works M15 | २११.७६ | १९५.२४ | १६.५२ | १४०० | २३१२७.६ |
| RCC works M20 | १८४.३१ | १७४.६९ | ९.६२ | १४०० | १३४६४.९४ |
| Chimney made Brickwork in 1:4 | ३२६.४२ | ३२३.१ | ३.३२ | १३००० | ४३१६५.४३ |
| Brick Bat And Sand Filling wall | ५.२८ | १.७७ | ३.५१ | २२०० | ७७३०.२५ |
| Stone Soling in foundation and floor | ४६४.७२ | ४३७.०८ | २७.६४ | २२०० | ६०८०५.४२ |
| Porcelain glazed/non glazed (2'*2'size) tile | १५२५.०७ | १२६६.७२ | २५८.३५ | ३००० | ७७५०५३.७५ |
| skirting work on wall | ८१३.३७ | ० | ८१३.३७ | ३०० | २४४०११ |
| 2 coats of ready made enamel paint | २७.४८ | २४.०४ | ३.४४ | २०० | ६८७.९६ |
| 2 coats of ready made enamel paint | ४११.२१ | १८ | ३९३.२१ | २०० | ७८६४२ |
| roviding and fixing casement door | ७३.७८ | ७२.४६ | १.३२ | ७००० | ९२३३.७ |
| Providing and fixing flush door of aluminium | १४.४८ | १३.७४ | ०.७४ | ७००० | ५१८० |
| fixingwindow of aluminium | ८६.२४ | ८५.९५ | ०.२९ | ६५०० | १८७०.७ |
| Partition/Dry Wall | १२२५.३८ | ११८६.६ | ३८.७८ | ३००० | ११६३३५.५ |
| Providing and fixing fixed glass | १११.८१ | ० | १११.८१ | ९०० | १००६२९ |
| Spiral Staircase | १२.५ | ३.६ | ८.९ | ११५०० | १०२३५० |
| fixing in position mild steel grill | ४१४५.८५ | ० | ४१४५.८५ | १४० | ५८०४१९.७ |
| fixing in position Stainless steel drain cove | ८३६.७८ | ० | ८३६.७८ | १४० | ११७१४९.२ |
| fixing in position of MS collapsible gate | ३९०. | ० | ३९० | १४० | ५४६०० |
| salwood Frame | ०.३८ | ०.१६ | ०.२२ | ३००००० | ६५५८० |
| salwood main door shutter | ९.२४ | ८.७४ | ०.५ | १०००० | ४९९८ |
| Providing and fixing casement door | ५.२५ | ४.८७ | ०.३८ | ८००० | ३०२४ |
| Lead for X ray Room Providing | ५.३७ | ४.८७ | ०.५ | ८००० | ३९८४ |
| single layer of 500 gauge | १४८०.७७ | ० | १४८०.७७ | १०० | १४८०७७ |
| Supply and fixing 6mm thick Flex-o-Board | २४.२४ | ० | २४.२४ | ३२०० | ७७५६८ |
| Supply and fixing 6mm thick Flex-o-Board | १४१.८ | ० | १४१.८ | ३२०० | ४५३७६० |
| ACP clading 4mm thick | ४७८.२३ | ० | ४७८.२३ | २२०० | १०५२१०६ |
| Chipping and laying thermacol in the hole, | ३८.१ | ३७.७ | ०.४ | २५०० | १००० |
| d applying 50mm thick flagstone | ६५० | ० | ६५० | १८०० | ११७०००० |
| Providing and fixing readymade (Carpet dubo) | २५० | ० | २५० | ७५ | १८७५० |
| Iron gate made up of 16 gauge black sheet | ५०४ | ४७२.८५ | ३१.१५ | १६५ | ५१३९.१२ |

| | | | | | |
|---|---|---|---|---|---|
| Fencing with 62mm X 62mm size framed | १९८ | ० | १९८ | २२०० | ४३५६००. |
| Rudrakshya | ४ | ० | ४ | १५० | ६०० |
| Dhupi | ६ | ० | ६ | ४०० | २४०० |
| Kalki Bottle Bruss | १२ | ० | १२ | ४०० | ४८०० |
| 4 ft Height Biruwa | १५ | ० | १५ | १५० | २२५० |
| Seasional Flower 8" poli | २५० | ० | २५० | १५० | ३७५०० |
| Haze Poli 8" | ५० | ० | ५० | १५० | ७५०० |
| White glazed earthernware Hindware | २५ | २४ | १ | १२००० | १२००० |
| stainless steel surgical hand washing | ३ | २ | १ | ५५००० | ५५००० |
| Kitchen Sink Stainless steel | ६ | ५ | १ | ३५०० | ३५०० |
| Water filter with UV lamp and filter media | ७ | ० | ७ | २३००० | १६१००० |
| Porceline Clay Toilet Paper Holder | ३९ | २४ | १५ | ११०० | १६५०० |
| C P Gratting 100mm dia size | ११८ | ३३ | ८५ | ३०० | २५५०० |
| PVC Floor trap 11x7.5cm | ११८ | ३३ | ८५ | ३५० | २९७५० |
| CP Water Spray 1.5cm | ३९ | २४ | १५ | १५०० | २२५०० |
| Hand Dryer Germany with complete accessories | ९ | ० | ९ | ८५०० | ७६५०० |
| 15 mm dia insulation Pipe for hot water pipe | १६० | ० | १६० | १५०० | २४०००० |
| 15 mm CPVC ball valve, CTS sockets | १६ | ० | १६ | १४०० | २२४०० |
| 20 mm CPVC ball valve, CTS sockets | १३ | ५ | ८ | १६०० | १२८०० |
| 50 mm CPVC ball valve, CTS sockets | ३ | १ | २ | ७००० | १४००० |
| G.M. 50mm Check valve | ४ | ० | ४ | ५००० | २०००० |
| Fixing /laying 300 mm dia NP3 | १० | ८ | ३ | २८५० | ७१२५ |
| 2.0 H P Electric motor pump | २ | ० | २ | ३३००० | ६६००० |
| f 300 liter solar water heater | ४ | १ | ३ | ८५००० | २५५००० |
| Stainless steel telephonic Shower Rose | ११ | ० | ११ | ५००० | ५५००० |
| Motor starter switch with all acessories. | २ | १ | १ | ५००० | ५००० |
| Auto sensor for pump and overhead tank | २ | १ | १ | ५००० | ५००० |
| 1 HP Chinese Pump sumersible | २ | १ | १ | २०००० | २०००० |
| Fabrication and fixing of I.S. | ११६२.५६ | ६९५.५२ | ४६७.०४ | १६५ | ७७०६१.६ |
| Wall Bracket/Spot Light/Mirror Light | ९९ | ० | ९९ | ९०० | ८९१०० |
| 42" ceiling fan Almonard/Bajaj | ७५ | ६१ | १४ | २३०० | ३२२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| 16" wall fan Almonard/Bajaj | १२ | ० | १२ | १८०० | २१६०० |
| 9"exhaust fan Almonard /Bajaj | ३७ | ४ | ३३ | १८०० | ५९४०० |
| installation t air conditioning system | ५ | ० | ५ | ७५००० | ३७५००० |
| installation t air conditioning system | २ | ० | २ | १५०००० | ३००००० |
| installation t air conditioning system | ३ | ० | ३ | २००००० | ६००००० |
| Solar Panel 335 Wp | ८ | ० | ८ | २५००० | २००००० |
| Inva Tubular Lead Acid Battery | ३ | ० | ३ | ५०००० | १५०००० |
| Pure sine wave Solar | २ | ० | २ | ५०००० | १००००० |
| Parallel kit for stacking inverters | १० | ० | १० | १०००० | १००००० |
| SPV mountaining frame | ८ | ० | ८ | १५००० | १२०००० |
| 100 Amp 415 Volt Change over Switch | १ | ० | १ | ८००० | ८००० |
| Battery Stand ( 4 storeyed ) | २ | ० | २ | १५००० | ३०००० |
| Installation Materials with power cables, | १ | ० | १ | १५००० | १५००० |
| Installation Commissioning & ASS | १ | ० | १ | ८००० | ८००० |
| Cupper Plate eathing for solar panel: | १ | ० | १ | ३५००० | ३५००० |
| Earthing with cu plate | ९ | ६ | ३ | २०००० | ६०००० |
| G.NO 8 Plastic Coated Cu. Wire | ११७० | ५०० | ६७० | २०० | १३४००० |
| जम्मा | | | | | ९४६८०२८.८७ |
| मू.अ.कर | | | | | १२३०८४३.७५ |
| जम्मा | | | | | १०६९८८७२.६२ |

६० **आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनः**

पालिकाको आन्तरीक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण शाखाको स्थापना तथा पदपुर्ति भई सो बाट आन्तरिक लेखापरीक्षण गराई सोको प्रतिवेदन कार्यालयमा पेश गरेको पाईयो । पालिकाले आन्तरिक लेखापरीक्षण शाखाबाट लेखापरीक्षण गराई प्रतिवेदनमा उल्लेखित लगती बेरुजु फर्स्योट गर्ने तथा सैद्धान्तिक व्यहोराको पालना गरी आन्तिरीक नियन्त्रण प्रणालि प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक लेखापरीक्षणबाट औँल्याईएका मध्ये देहायका व्यहोरा कार्यान्वयन भएको नदेखिदा सोको कार्यान्वयन हुनु पर्दछ ।

६०.१ गो.भौ.नं. ०३-२०८०।०६।१० बाट लगनशील महिला बचत तथा ऋण सहकारी संस्थालाई आर्थिक वर्ष २०७९।८० मा पेश्की बापत रु. ६,२५,०००.०० भुक्तानी भएको पाईयो । सो पेश्की रकम फर्स्योट गर्दा सो रकम वितरण गरेको भरपाई पेश भएको छ । नगद वितरण गर्ने आधार, ऐन, नियम तथा कार्यविधि बेगर वितरण गरी भरपाई पेश गरेको देखिँदा यसरी रकम वितरण गरी पश्की फर्स्योट गरेको रकम नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,२५,००० |

६०.२

गो.भौ.नं. ०६-२०८०।०५।२६ बाट बाख्रापालन कार्यक्रमबाट बाख्रा खरिद गरी बाटिका बचत तथा ऋण सहकारी संस्थालाई भुक्तानी गर्दा सम्झौताअनुसार लाभग्राहीको रु. २८७५०.०० घटी लागत सहभागिता देखिँदा सो बराबरको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,७५० |

६०.३ गो.भौ.नं. ७३-२०८०।११।१५ बाट खट्यानी जनवादी चोक हुँदै नहरडिल सम्मको बाटो स्तरोन्नती कार्यमा सम्झौता अनुसार रु. ५६२५.०० लागत सहभागिता घटी देखिँदा सो बराबरको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,६२५ |

६०.४ ( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **३६९,९३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६०.५ **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय/व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो बर्ष बेतनी कुनामा नयाँ ट्र्याक निर्माण वापत रु ४,८५,०००.००, चापजोर सिमल धारा खानेपानीका लागी रु ८२,०००.०० र ईलाका प्रहरी कार्यालको लागी रु ४५,७३२.०० पालिका अध्यक्ष एवं कार्यालिकाको निर्णयबाट खर्च लेखेको छ । यसरी बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

६०.६ गो.भौ. नं ६३-२०८०।०७।१९ बाट राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा आन्तरीक अफिसियलहरुलाई प्रति दिन रु. ७०० का दरले भुक्तानी हुने गरी निर्णय भएकोमा प्रति दिन रु. १००० का दरले भुक्तानी गरेको देखिँदा देहाय अनुसार प्रति दिन रु. ३०० का दरले भएको बढी भुक्तानी सम्बन्धितबाट असुल हुनु पर्ने रु.

| अफिसियलको नाम | दिन | भुक्तानी रकम |
|---|---|---|
| श्री निलकण्ठ रिमाल | ५ | १५०० |
| श्री दिल बहादुर टुङ्गचे | ४ | १२०० |
| श्री पदम ठाडा | ५ | १५०० |
| श्री विनोद सिंजाली | ५ | १५०० |
| श्री हेम बहादुर खड्का | ५ | १५०० |
| श्री सन्जिव सिंजाली | ५ | १५०० |
| श्री डिल बहादुर सारु | ५ | १५०० |
| श्री लिल बहादुर गाहा | ५ | १५०० |
| **जम्मा** | **३९** | **११७००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,७०० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बौदीकाली गाउँपालिका, नवलपुर , बौदीकाली गाउँपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लेख बहादुर बस्नेत | २०७९-५-२७ | २०८०-४-३१ |
| कार्यालय प्रमुख | उज्जवल बहादुर बस्नेत | २०८०-५-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शरद न्यौपाने | २०७९-६-१३ | २०८०-११-१४ |
| लेखा प्रमुख | बुद्धि प्रसाद सुवेदी | २०८१-२-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लालचन गैहे गैहे | २०८०-१२-२८ | २०८१-२-१४ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १३,४३२,८०४ | १८,२४१,४६९ | ८१७,५०७ | ० | ० | ६००,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३३,०९१,७८० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ४,५९९,३३७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २८,४९२,४४३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १४४१२५४२३.४१ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २३१६८०२९६.७७ | चालु खर्च | २२९४६२०५९.४६ |
| प्रदेश सरकारबाट अनुदान | १४९९५००० | पूँजीगत खर्च | ११४८०६०२९ |
| राजश्व बाँडफाँट | ५६३५७४३९.१८ | वित्तीय/अन्य व्यवस्था | ०.० |
| आन्तरिक आय | ४१८३०८६.० | | |
| अन्य आय | ८४२४१०८.० | | |
| कुल आय | ३१५६३९९२९.९५ | कुल खर्च | ३४४२६८०८८.४६ |
| बाँकी मौज्दात | | ११५४९७२६४.९ | |

## अनुसूची - २

## बेरूजु दफा ५९.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

मुल्य समायोजन गणना गरिएको ईण्डेक्स विवरण

| महिना | Index Month | a | b | c | d | I0 | M0 | E0 | Ln | Mn | En | Pn | CPA Factor | Average index | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आषाढ | Jun/Jul | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 522.0 | 114.1 | 113.7 | 1.0275 | 0.0275 | काम सुरु मिति | २०७८ असार |
| श्रावण | Jul/Aug | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 523.7 | 116.1 | 120.5 | 1.0442 | 0.0442 | | |
| भाद्र | Aug/Sep | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 523.7 | 116.2 | 120.5 | 1.0447 | 0.0447 | | |
| असोज | Sep/Oct | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 523.7 | 116.4 | 120.5 | 1.0454 | 0.0454 | | |
| कातिक | Oct/Nov | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 524.6 | 125.6 | 122.8 | 1.0940 | 0.0940 | | |
| मसिर | Nov/Dec | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 526.9 | 125.4 | 122.8 | 1.0939 | 0.0939 | | |
| पुस | Dec/Jan | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 526.9 | 125.9 | 122.8 | 1.0965 | 0.0965 | | |
| माघ | Jan/Feb | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 526.9 | 127.5 | 122.9 | 1.1050 | 0.1050 | | |
| फागुण | Feb/Mar | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 533.1 | 134.4 | 122.9 | 1.1422 | 0.1422 | | |
| चैत्र | Mar/Apr | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 541.8 | 136.8 | 122.9 | 1.1576 | 0.1576 | 0.0851 | |
| वैशाख | Apr/May | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 541.8 | 141.3 | 124.5 | 1.1815 | 0.1815 | | |
| जेठ | May/Jun | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 541.8 | 140.2 | 124.5 | 1.1757 | 0.1757 | | |
| आषाढ | Jun/Jul | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 550.4 | 137.8 | 124.5 | 1.1672 | 0.1672 | 0.1748 | |
| श्रावण | Jul/Aug | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 571.0 | 138.6 | 130.1 | 1.1842 | 0.1842 | | |
| भाद्र | Aug/Sep | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 572.6 | 138.7 | 130.1 | 1.1853 | 0.1853 | 0.1847 | |
| असोज | Sep/Oct | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 572.6 | 138.8 | 130.1 | 1.1857 | 0.1857 | | |
| कातिक | Oct/Nov | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 572.6 | 140.5 | 130.3 | 1.1944 | 0.1944 | | |
| मसिर | Nov/Dec | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 572.6 | 138.5 | 130.3 | 1.1845 | 0.1845 | | |
| पुस | Dec/Jan | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 572.6 | 139.3 | 130.3 | 1.1884 | 0.1884 | | |
| माघ | Jan/Feb | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 572.6 | 142.9 | 132.6 | 1.2087 | 0.2087 | | |
| फागुण | Feb/Mar | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 572.6 | 143.3 | 132.6 | 1.2105 | 0.2105 | | |
| चैत्र | Mar/Apr | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 576.5 | 145.2 | 132.6 | 1.2219 | 0.2219 | | |
| वैशाख | Apr/May | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 582.1 | 145.1 | 133.0 | 1.2237 | 0.2237 | 0.2022 | |
| जेठ | May/Jun | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 587.1 | 141.6 | 133.0 | 1.2082 | 0.2082 | | |
| आषाढ | Jun/Jul | 0.15 | 0.2 | 0.55 | 0.1 | 514.5 | 109.3 | 113.5 | 587.1 | 141.5 | 133.0 | 1.2077 | 0.2077 | 0.2077 | freez |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | index |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।

- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।

- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।

- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।

- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।